**सिस्ने गाउँपालिकाको १९औं गाउँ अधिबेशनको पहिलो बैठक मिति २०८३।०३।०९ गतेका निर्णयहरु:**

**निर्णय नं १**

सिस्ने गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ को बार्षिक नीति तथा कार्यक्रम गाउँपालिका अध्यक्ष श्री कृष्ण रेग्मी ज्युबाट मिति २०८३।०३।०९ गते सम्मानीत सदनमा प्रस्तुत गरियो ।

**सिस्ने गाउँपालिकाको १९औं गाउँ अधिबेशनको दोस्रो बैठक मिति २०८३।०३।१० गतेका निर्णयहरु:**

**निर्णय नं १**

सिस्ने गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२।८३ मा विनियोजित बार्षिक बजेट तथा कार्यक्रम अनुसार भएको समग्र गाउँपालिकाको चालु तथा पुँजीगत खर्च सम्बन्धी प्रतिबेदन माथि छलफलको लागि पेश गरियो ।

**निर्णय नं २**

चालु आर्थिक वर्ष २०८२।८३ अन्तर्गत हालसम्मका सिस्ने कुमाख गाउँ कार्यपालिका र विषयगत समिति र अध्यक्ष स्तरबाट भएका हाल सम्मका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

गाउँ सभामा चालु आर्थिक वर्ष २०८२।८३ अन्तर्गत विभिन्न विषयगत समितिका तर्फबाट सदनमा प्रस्तुत भएका देहायका प्रतिबेदनहरु सभाको यस बैठकबाट सर्बसम्मत पारित गरियो ।

**निर्णय नं ४**

यस गाउँ सभाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्युबाट मिति २०८३।०३।०९ गते सदनमा प्रस्तुत भएको गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३।८४ को बार्षिक नीति तथा कार्यक्रम ब्यापक छलफल पश्चात सर्बसम्मत पारित गरियो ।

**निर्णय नं ५**

सिस्ने गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३।८४ को आय व्ययको समग्र अनुमान सहितको बजेट तथा कार्यक्रम र यस अन्तर्गत व्यवस्था गर्न गाउँपालकाको क्षेत्र भित्र लगाइने करका दरहरु र राजश्व सम्बन्धी नीति समाबेश गरिएको आर्थिक बिद्येयक २०८३ र खर्च सम्बन्धि प्रस्ताव समावेश गरिएको विनियोजन विद्येयक २०८३ को मस्यौदा सभामा पेश गरियो ।

**<u>सिद्ध कुमाख गाउँपालकाको १९[औं] गाउँ अधिबेशनको तेस्रो बैठक मिति २०८३।०३।२५ गतेका निर्णयहरु:</u>**

**<u>निर्णय नं १</u>**

सिस्ने गाउँपालिकाका उपाध्यक्ष श्री गोपाल रेउल ज्युबाट गाउँ सभाको १९ औं अधिवेशनको दोस्रो बैठकमा पेश भएको आगामी आव २०८३।८४ को जम्मा आम्दानी र खर्च सम्बन्धी प्रस्ताव सहितको वजेट तथा कार्यक्रम र संलग्न अनुसुचीहरु सर्व सम्मत पारित गरियो ।

**<u>निर्णय नं २</u>**

सिस्ने गाउँपालकाको क्षेत्र भित्र लगाइने करका दरहरु र राजश्व सम्बन्धी नीति समाबेश गरिएको आर्थिक बिधेयक २०८३ को मस्यौदा पारित गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ३</u>**

सिस्ने गाउँपालिकाको विनियोजन बिधेयक २०८३ को मस्यौदालाई पारित गरि आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम प्रचलित कानुन बमोजिम खर्च गर्ने अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ४</u>**

सिस्ने गाउँपालिका अन्तर्गतका कार्यालयहरुमा कार्यरत करार कर्मचारीहरुको आगामी २०८३ श्रावण १ गतेदेखि २०८३ पौष मसान्त सम्मको करार अवधी थप गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ५</u>**

यस गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीको तलव तथा अन्य सेवा सुविधा सम्बन्धित तह तथा श्रेणीमा नेपाल सरकारले उपलब्ध गराए सरह कायम गरि लागु गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ६</u>**

आगामी आ.व. २०८३/८४ का लागि करार कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा सिस्ने गाउँपालिकाको सम्मानीत गाउँ सभाबाट देहायका निर्णयहरु गरियो ।

क. गाउँपालिकामा कार्यरत करार कर्मचारी अनुदान शिक्षक सबैलाई आव २०८३/८४ मा खाइपाई आएको तलव बरावर चाडपर्व खर्च र रु १०००० का दरले पोशाक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

ख. सम्पुर्ण विद्यालयका वालविकास शिक्षिकाहरुका लागि आगामी आर्थिक वर्ष देखि खाइपाइ आएको तलव सुविधामा मासिक रु ५०० थप गर्ने ।

ग. सिस्ने गाउँपालिका अन्तर्गत सरसफाइकर्ताको रुपमा दैनिक ज्यालदारी कामकाज गर्दै आएका कर्मचारीहरु दत्ते कामी र विरेन्द्र सेनलाई नियमित दैनिक ज्यालादरका आधारमा भुक्तानी दिने ।

घ. सिस्ने गाउँपालिका अन्तर्गत विभिन्न स्थानमा पाले पहरेका रुपमा काम खटिने कर्मचारीहरु खिम बहादुर बुढाथोकी र कोपिला के.सि.लाई मासिक प्रोत्साहन रकम रु ३०००/- कायम गर्ने ।

ङ. विभिन्न संघिय तथा प्रदेश सरकारबाट गाउँपालिकामा हस्ताण्तरण भइ कार्यान्वयन भइरहेका कार्यक्रम तथा परियोजनाहरुमा कर्मचारी तलव भत्ता अन्तर्गत केहि हिस्सा गाउँपालिकाबाट बेहोर्नु पर्ने भएमा गाउँपालिकाको नियामानुसार गत आवको सेवा सुविधामा बृद्धि नगरिने निर्णय गरियो ।

च. करार कर्मचारीहरुको विगतको वर्षमा खाइपाइ आएको तलव सुविधामा कसैको पनि कम नहने गरी गाउँपालिका वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुको आधारभुत तलव स्केल श्रेणीविहिन स्तर रु २००००। सहायक चौथो तह रु २३०००। सहायक पाँचौ तह रु २५००० र अधिकृत स्तर रु ३००००। कायम गरी तलवमान समायोजन गर्ने ।

छ. सिस्ने गाउँपालिका वडा नं १ र २ अन्तर्गत वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा कार्यरत सहायक स्तर चौथो तहका कार्मचारीहरुका लागि रु ३०००/- र कार्यालय सहयोगी हरुका लागी रु १०००/- महंगी/दुर्गम भत्ता स्वरुप रकम तलवमा समायोजन गरी सेवा सुविधा दिने ।

ज. सिस्ने गाउँपालिका वडा नं १ र २ अन्तर्गत कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीहरुका लागि एकमुष्ट रु १०००/- का दरले महंगी/दुर्गम भत्ता स्वरुप रकम तलवमा समायोजन गरी सेवा सुविधा दिने ।

झ. आर्थिक वर्ष २०८३।८४ मा नयाँ नियुक्तिहुने कर्मचारीहरुको तलव स्केल पनि बुदा नं (ङ) बमोजिम कायम गर्ने ।

बैठक मिति: २०८३ असार २५ गते निर्णय पारित मिति: २०८३ असार २५ गते

निर्णय प्रमाणिकरण गर्ने : कृष्ण रेग्मी

पद: गाउँपालिका अध्यक्ष

हस्ताक्षर : .........................................

प्रमाणिकरण मिति : २०८३ असार २५ गते